# गंगादेव गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८२/०८३ को गाउँ कार्यपालिकाको बैठक
संख्याः.................................

- मितिः २०८३ बैशाख महिनाको ०४ गते शुक्रबार ।
- समयः ८:०० बजे बिहान।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा ।

गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँपालिका गाउँ कार्यपालिको बैठ्कमा तपसिलको उपस्थितिमा तपसिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिहरुः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के.सी. | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के.सी. | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के.सी. | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री शालिकराम बस्नेत | सदस्य सचिव | |

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १ | सकलदेव यादव | जनस्वास्थ्य अधिकृत | |
| २. | कुल बहादुर योगी | सि. प्रशासकीय अधिकृत | |
| ३ | धनमाया वली | कार्यालय सहयोगी | |
| ४. | केरा बहादुर खत्री | कार्यालय सहयोगी | |

छलफलका विषयहरु:-

१ ठेक्का रद्ध गर्ने सम्बन्धमा ।

२ करार कर्मचारी पदपूर्ति सम्बन्धमा ।

३ उपभोक्ता समितिबांट निर्माण कार्य गराउने सम्बन्धमा ।

<u>निर्णयहरू:</u>

<u>निर्णय नं. १</u>

राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने विशेष अनुदान कार्यक्रम अन्तर्गत "सामुदायमा आधारित मातृ, नवशिशु तथा बाल स्वास्थ्य हेरचाह तथा व्यवस्थापन सबलीकरण परियोजना" को प्राविधिक प्रस्तावमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि भवन निर्माण शिर्षकमा जम्मा ३ वटा भवन निर्माण गर्न पाईने गरी राष्ट्रिय योजना आयोगबाट बजेट सिफारिस भई आएकोमा गत आ.व. मा नै मापदण्ड अनुसार भवन निर्माण भई सकेकाले लोदचौर आधारभूत स्वास्थ्य सेवा केन्द्र बर्थिङ सेन्टर प्याला सेन्ट पिट निर्माणको लागि ठेक्का नं. GMR/NCB/WORKS/082/83-14 बाट भवन निर्माणको लागि आह्वान भएको ठेक्का राष्ट्रिय योजना आयोगको प्राविधिक प्रस्तावनाको मापदण्ड पालना नहुने गरी ठेक्का आह्वान भएकोमा उक्त ठेक्का नं. GMR/NCB/WORKS/082/83-14 रद्ध गरी लोदचौर आधारभूत स्वास्थ्य सेवा केन्द्र बर्थिङ सेन्टर प्याला सेन्ट पिट निर्माण कार्य स्थगित गरी ठेक्का सम्झौता प्रक्रिया रोक्का गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री गौरीलाल वलीले उक्त पदबाट राजिनामा दिएको हुँदा सो पद रिक्त हुन गएकोले खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नका लागि कार्यालय सहयोगी पद, श्रेणी विहिन तह, माग संख्या १ राखि विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

गंगादेव गाउँपालिकाको आ.व. २०८२/०८३ को को मिति २०८२/१२/११ गते भएको हिउँदे गाउँसभाबाट सुखाओडार खोला मोटरेबल पुल निर्माण योजनाको लागि बजेट विनियोजन भएको र उक्त योजनाको निर्माण कार्य बोलपत्र आह्वान गरी गर्न समय अपुग हुने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने/गराउने निर्णय गरियो ।